"पाँचखाल नगर-कृषि सहर"
पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : ०८३।०८३
चलानी नं. :

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

## <u>उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम</u>मा सहभागी हुन दुध संकलन केन्द्र,समूह तथा दुग्ध सहकारी संस्थाहरुलाई सूचीकृतहुने सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मिति: २०८२/०६/२६**

**दोस्रो पटक प्रकाशित मिति: २०८२/०७/१६**

आ.व २०८२/८३ मा बागमती प्रदेश सरकारबाट पाँचखाल नगरपालिकामा प्राप्त <u>उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम</u> अन्तर्गत स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम यस कार्यक्रमको लागी पाँचखाल नगरपालिका भित्रका कृषकहरुसँग दुध संकलन गर्ने दुध संकलन **केन्द्र, समूह, सहकारी संस्था** मार्फत दुध उत्पादनमा प्रोत्साहन अनुदान प्रदान गरिने भएकोले उक्त कार्यक्रम अन्तर्गत गत आ.व २०८१/८२ मा पाँचखाल नगरपालिका भित्रका दुध किसानहरुबाट खरिद गरी बिक्री गरिरहेका दुध संकलन केन्द्र, समूह, सहकारी संस्थाहरुलाई **अनिवार्य** रुपमा सूचिकृत हुन लागि यो सूचना प्रकाशित गरिएको छ । दुग्ध संकलन संस्थाले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस पाँचखाल नगरपालिकाको पशु सेवा शाखामा तपसिल बमोजिमका कागजातहरु सहित आवेदन पेश गर्नुहुन अनुरोध छ। विस्तृत जानकारीको लागि पाँचखाल नगरपालिकाको पशु सेवा शाखामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

<u>तपसिल</u>

- निवेदन ।
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- प्यान दर्ता तथा करचुक्ताको प्रमाणपत्र ।
- दुग्ध सहकारीको हकमा अघिल्लो आर्थिक वर्ष २०८१/८२ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि।
- वार्षिक साधारण सभाको प्रमाणको प्रतिलिपि।
- कृषकहरुसंग दैनिक दुध संकलन गरी राखिएको रेकर्ड (दैनिक संकलन सिट) को प्रतिलिपि १ प्रति ।
- दुग्ध संकलन समुह/दुग्ध सहकारीको कार्यक्रम संचालन सम्बन्धी निर्णयको प्रतिलिपि।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।

२०८२/०७/१६
............
उदय प्रसाद कोइराला
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

## उदुग्ध उत्पादक सहकारी संस्था/दुग्ध संकलन केन्द्रले दिने आवेदन

मितिः

श्री पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल काभ्रे।

विषयः आवेदन सम्बन्धमा।

प्रस्तुत विषयमा २०८२/ / प्रकाशित सूचना अनुसार यस .........................................................दुग्ध उत्पादक सहकारी/समूह/संकलन केन्द्रको उत्पादनमा आधारित दुधमा प्रोत्साहन कार्यक्रम सहभागी हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण र अन्य आवश्यक कागजात समेत संलग्न गरी आवेदन पेश गरेका छौं।

तपसिलः

१. कुल सदस्य संख्याः
२. कुल सदस्य मध्ये दुध उत्पादक सदस्य संख्याः
३. गत वर्ष (२०८१/८२) मा दुध संकलन लि (औषत दैनिक................लि. मासिक......................लि. वार्षिक लि.................................)
४. गत वर्ष (२०८१/८२) मा दुधको कारोवार दिन अंकमा.............अक्षरमा....................
५. गत वर्ष कुल अधिकतम दुध संकलन ......................महिना.............................लि.
६. गत वर्ष कुनल न्यूनतम दुध संङ्कलन........................महिना...............................लि.
७. संस्थाबाट संकलित दुध बिक्री गरिने संस्थ/संस्थान/आयोजना आदिको नाम र ठेगाना
   क) ...........................................................................................
   ख) ...........................................................................................
   ग) ...........................................................................................
   घ) ...........................................................................................
   ङ) ...........................................................................................
८. दुध बिक्री गरेको कागजात तथा कृषकबाट खरिद,भुक्तानी गरेको भर्पाई (संलग्न हुनुपर्ने)
९. वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण (प्रतिलिपि संलग्न हुनुपर्ने)
१०. जम्मा संकलन केन्द्र संख्या

| क्र.सं | संकलन केन्द्रको नाम र ठेगाना | वार्षिक दुध संकलन परिमाण लि. |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| जम्मा | | |

११. रेकर्ड राख्न कम्प्युटरको भएको/नभएको:-

१२. दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राखी/जानकारी दिने गरेको/नगरेको:-

१३. मिल्क एनालाईजरको प्रयोग भएको/नभएको:-

१४. सम्बन्धित वडाको सिफारिस (संलग्न हुनुपर्ने)

१५. दुध विविधिकरण र बिक्री वितरण गरर्क/नगरेको:-

गरेको भए:

(क) कुन कच्चा पदार्थ बनाउने गरिन्छ.................................

(ख)दैनिक औषत परिमाण..................................................

(ग) बिक्री गर्ने बजार/स्थल...............................................

१६. सहकारी/दुग्ध संकलन केन्द्र दर्ता/करचुक्ता/लेखा परिक्षण प्रतिवेदन( प्रतिलिपि संलग्न हुनुपर्ने)

१७. कुनै प्रकारको कार्वाहीमा नपरेको बारेको (स्वघोषणा संलग्न हुनुपर्ने)

१८. कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड (संलग्न हुनुपर्ने)

१९. यसै साथ संलग्न दुधको विवरण पेश गर्ने फर्मेट बमोजिम excel sheet मा ecopy र सोहि विवरणलाई प्रिन्ट गरी (संकलन केन्द्र/सहकारी संस्थाको स्वयं प्रमाणिकरण र सम्बन्धित वडाबाट समेत प्रमाणिकरण) गरी पेश गर्नुपर्नेछ।

आवेदक संस्थाको नामः

आधिकारिक व्यक्तिको नामथरः

सम्पर्क नः

ठेगानाः

हस्ताक्षरः

संस्थाको छापः